# गन्यापधुरा गाउँपालिका

**स्थानीय राजपत्र**

**खण्डः ४ संख्याः१७ असार ३१ गते बुधबार, २०७७**

## भाग-२

# शिक्षा निति, २०७७

**विषयसूची**

---

### शिक्षा नीति,२०७७

१. पृष्ठभूमि------------------------------------------------------------------------------------------------२
२. वर्तमान अवस्था-------------------------------------------------------------------------------------------२
३. समस्या तथा चुनौती---------------------------------------------------------------------------------------४
४. शिक्षा नीतिको आवश्यकता-------------------------------------------------------------------------------५
५. लक्ष्य-----------------------------------------------------------------------------------------------------५
६. उद्देश्य----------------------------------------------------------------------------------------------------५
७. रणनीति ---------------------------------------------------------------------------------------------------६
८. नीति तथा कार्यनीति---------------------------------------------------------------------------------------७
९. नीति कार्यान्वयनको जिम्मेवारी----------------------------------------------------------------------------१७
१०.संस्थागत व्यवस्था-----------------------------------------------------------------------------------------१८
११.आर्थिक पक्ष------------------------------------------------------------------------------------------------१८
१२.कानुनी व्यवस्था---------------------------------------------------------------------------------------------१९
१३.अनुगमन तथा मूल्याङ्कन---------------------------------------------------------------------------------१९
१४.जोखिम तथा जोखिम न्यूनीकरण-----------------------------------------------------------------------१९

# गन्यापधुरा गाउँपालिका
# शिक्षा नीति, २०७७

**गाउँसभावाट पारित मितिः२०७७ असार २९ गते**

## १. पृष्ठभूमि

विकासका निम्ति शिक्षा अपरिहार्य हुन्छ । शिक्षालाई पूर्वाधार विकासको पनि पूर्वाधार मानिन्छ । शिक्षाले व्यक्तिको सर्वाङ्गीण विकास गरी असल योग्य, सक्षम, प्रतिस्पर्धी र उत्पादनमूलक जनशक्ति तयार गर्दछ। राष्ट्रको आर्थिक, सांस्कृतिक र पूर्वाधार विकासका लागि त्यस्तो जनशक्तिको महत्वपूर्ण योगदान हुन्छ। देशमा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको लागि शिक्षाले महत्वपूर्ण भूमिका खेलेको हुन्छ। यसबाट नै "समृद्ध नेपाल सुखी नेपाली" को लक्ष्य हासिल गर्न सकिन्छ। शिक्षालाई सीपमूलक, वैज्ञानिक, जीवनोपयोगी, व्यावहारिक एवं गुणस्तरीय बनाउनु आजको आवश्यकता हो। यसका लागि गुणस्तरीय शिक्षामा सबै नागरिकको समतामूलक र न्यायोचित पहूँच स्थापित गर्नु आवश्यक छ।

नेपालको संविधानको धारा ३१ मा शिक्षा सम्बन्धी हक उल्लेखित छ। उक्त धाराले प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुने, प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक हुने, अपाङ्गता भएका र आर्थिक रुपले विपन्न नागरिकलाई कानून बमोजिम निःशुल्क उच्च शिक्षा पाउने हक हुने, दृष्टिविहीन नागरिकलाई ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाइ सम्बन्धी अपाङ्गता भएका नागरिकलाई सांकेतिक भाषाको माध्यमबाट कानून बमोजिम निःशुल्क शिक्षा पाउने हक हुने, नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानून बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक हुने जस्ता शिक्षा सम्बन्धी मौलिक हकको प्रत्याभूति गरेको छ। यी हकको सुनिश्चितताका लागि शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सीपमूलक, रोजगारमूलक एवं जनमुखी बनाउँदै सक्षम, प्रतिस्पर्धी, नैतिक एवं राष्ट्रिय हितप्रति समर्पित जनशक्ति तयार गर्ने नीति संविधानमा नै उल्लेख गरिएको छ।

नेपालको संविधानको अनुसूची ८ मा स्थानीय तहको अधिकारको सूचीको क्रम नं. ८ मा आधारभूत र माध्यमिक शिक्षासम्बन्धी अधिकारको व्यवस्था गरिएको छ। संविधानको अनुसूची ९ मा संघ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूचीको क्रम नं.२ मा शिक्षा, खेलकुद र पत्रपत्रिकासम्बन्धी अधिकारको व्यवस्था गरिएको छ। स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ११ को उपदफा (२) को (ज) मा आधारभूत र माध्यमिक शिक्षाको सञ्चालन र व्यवस्थापन सम्बन्धी २३ वटा काम,कर्तव्य र अधिकार स्थानीय तहको हुने व्यवस्था गरेको छ।

नेपालको संविधान, नेपालको राष्ट्रिय शिक्षा निति २०७६, पन्ध्रौं योजनाले लिएको शिक्षा सम्बन्धी सोच, लक्ष्य, उद्देश्य तथा नीति, दिगो विकास लक्ष्य, २०३० आदिले लिएको शिक्षा सम्बन्धी प्रावधानहरुलाई मूर्त रुप दिन गन्यापधुरा गाउँपालिकाले शिक्षा नीतिको आवश्यकता महसुस गरी " गन्यापधुरा गाउँपालिकाको शिक्षा नीति, २०७७" तर्जुमा गरेको हो । गाउँपालिकाको सर्वाङ्गीर्ण विकासको मूल आधार नै शिक्षा भएकाले गुणस्तरीय शिक्षामा सबै नागरिकको समतामूलक र न्यायोचित पहुँच स्थापित गर्नका लागि यस नीतिले महत्वपूर्ण योगदान गर्नेछ। "समृद्ध गन्यापधुरा हाम्रो अभियान, गुणस्तरीय शिक्षा हाम्रो पहिचान" नारालाई आत्मसात् गरी गन्यापधुरा गाउँपालिकाको समग्र शिक्षा क्षेत्रको विकासका लागि मार्गदर्शक नीतिका रुपमा यो नीति तर्जुमा गरेको हो।

## २. वर्तमान अवस्था

सुदूरपश्चिम प्रदेश अन्तर्गत डडेल्धुरा जिल्लामा पर्ने ७ वटा स्थानीय तहमध्ये गन्यापधुरा गाउँपालिमा एउटा महत्वपूर्ण गाउँपालिका हो । डडेल्धुरा जिल्लाको प्राचीन समयमा पश्यगर्खा क्षेत्रमा पर्ने सबै हिन्दुहरुको धार्मिक एवम् साँस्कृतिक आस्थाको धरोहरको रुपमा शिखर (गन्याप) देवताको नामबाट यो गाउँपालिकाको नामाकरण गन्यापधुरा गाउँपालिका

गरिएको हो। "गन्याप" यहाँका हिन्दुहरुको आस्थाको धरोहरका रुपमा रहेको देवताको नाम हो भने शिखर उच्च पहाडी भेग हो, जसलाई स्थानीय जनबोलीमा "धुरा" भन्ने गरिन्छ र जहाँ अत्यन्तै जाडो हुने गर्दछ। यसरी यस गाउँपालिकाको नाम गन्याप र धुरा मिली गन्यापधुराबाट विभुषित हुन गएको हो। यो गाउँपालिका प्रकृति, सभ्यता र संस्कृतिको संगमको अर्को नाम पनि हो। डडेल्धुरा जिल्लामा रहेको साविक असिग्राम गाविसका १ देखि ९ वडा, गणेशपुर गाविसका १देखि ९ वडा, मष्टामाण्डौं गाविसका १देखि ९ वडा, कैलपालमाण्डौं गाविसका ५ देखि ९ वडा र १ देखि ४ वडालाई भौगोलिक अवस्था, जनसङ्ख्याको आधारमा समाहित गरी ५ वटा वडामा विभाजन गरी यो गाउँपालिकाको स्थापना भएको छ।

गाउँपालिका स्थापना गर्दा यहाँको जातीय, भाषिक, धार्मिक, सामाजिक, सांस्कृतिक, ऐतिहासिक, सडक, सञ्जालको पहुँच, एकीकृत भूबनोटलाई आधार मान्दै प्राकृतिक श्रोत, संस्थागत पूर्वाधार, आ.व. २०७२।२०७३ को आन्तरिक आय-व्यय र जिल्ला स्थित क्रियाशील राजनैतिक दलहरुको सर्वसम्मत निर्णय समेतलाई आधार लिई स्थानीय तह पुनःसंरचना प्राविधिक सहयोग समितिको मितिः २०७३।०७। २० को निर्णय अनुसार गन्यापधुरा गाउँपालिका प्रस्ताव पारित भई स्वीकृत भएको हो। यसको केन्द्र गाउँपालिकाको मध्य भागमा रहेको साविक गणेशपुर गाविसको बडालमा रहेको छ, जहाँ हिन्दुहरुको आस्थाको धरोहर "लाटा गन्याप" देवताको मन्दिर अवस्थित छ।

यस गाउँपालिकाको क्षेत्रफल १३५.६५ वर्ग किलोमिटर रहेको छ। यो गाउँपालिका २९°६५" उत्तरी अक्षांशदेखि ८०°७८" पूर्वी देशान्तरमा अवस्थित रहेको छ। यस गाउँपालिकाको पूर्वमा डोटी जिल्लाको शिखर नगरपालिका, पश्चिममा डडेल्धुरा जिल्लाको अमरगढी नगरपालिका र आलिताल गाउँपालिका, उत्तरमा डडेल्धुरा जिल्लाको नवदुर्गा गाउँपालिका र दक्षिणमा डडेल्धुरा जिल्लाको आलिताल गाउँपालिका र डोटी जिल्लाको जोरायल गाउँपालिका रहेको छ।

यस गाउँपालिकाको जम्मा जनसङ्ख्या १८,३९३ रहेको छ। जसमा महिलाको जनसङ्ख्या ८,९०४ र पुरुषको जनसङ्ख्या ८,४८९ रहेको छ। विभिन्न जातजातिहरुको बसोबास रहेको यस गाउँपालिकामा क्षेत्री, ब्राहमण, दलित र जनजातिहरुको बसोबास रहेको छ। जातिगत हिसाबले सबैभन्दा बढी क्षेत्रीको जनसङ्ख्या ५१.४४ प्रतिशत रहेको छ, दोस्रोमा ब्राहमणको जनसङ्ख्या २४.५९ प्रतिशत, दलितको जनसङ्ख्या २१.३७ प्रतिशत, जनजातिको जनसङ्ख्या १.७६ प्रतिशत र अन्य जातिहरुको जनसङ्ख्या ०.८४ प्रतिशत रहेको छ।

यस गाउँपालिकामा विभिन्न धर्मावलम्बीहरुको बसोबास रहेको छ, जस मध्ये हिन्दुहरुको बाहुल्यता रहेको छ। धर्मको हिसाबले हिन्दू धर्म मान्नेहरुको जनसङ्ख्या ९९.१६ प्रतिशत र अन्य धर्मावलम्बीहरुको जनसङ्ख्या ०.८४ प्रतिशत रहेको छ।

यस गाउँपालिका अन्तर्गत २३ वटा सामुदायिक विद्यालयहरु तथा ४ वटा संस्थागत विद्यालयहरु गरी जम्मा २७ वटा विद्यालयहरु रहेका छन्। विद्यालयमा आधारित २३ वटा र समुदायमा आधारित ९ वटा गरी जम्मा ३२ वटा प्रारम्भिक बालविकास केन्द्रहरु रहेका छन्। सामुदायिक सिकाइ केन्द्र ४ वटा रहेका छन्। प्रारम्भिक बाल विकास केन्द्रमा ३२ जना सहजकर्ता रहेका छन्। आधारभूत तहमा ११० जना र माध्यमिक तहमा २९ जना गरी जम्मा १३९ जना शिक्षकहरु स्वीकृत दरबन्दी तथा राहतमा कार्यरत रहेका छन्।

शिक्षा तथा मानव श्रोत विकास केन्द्रको फलास रिपोर्ट २०७६ अनुसार सामुदायिक विद्यालय तर्फ आधारभूत तह (कक्षा १-८) तथा माध्यमिक तह (कक्षा ९-१२) मा क्रमशः ३०७७ र ७७५ गरी जम्मा ३८५२ विद्यार्थी भर्ना भई अध्यनन गरिरहेका छन्। प्रारम्भिक बाल विकास केन्द्रमा ६२० जना बालबालिका अध्ययनरत छन्।

प्रारम्भिक बाल विकास शिक्षामा कूल भर्नादर ९१.०० प्रतिशत पुगेको छ। प्रारम्भिक बालविकासको अनुभव सहित कक्षा १ मा भर्ना बालबालिकाको प्रतिशत ६९.४ प्रतिशत पुगेको छ। आधारभूत तह (कक्षा १-८) र माध्यमिक तह (कक्षा ९-१२) को खुद भर्नादर क्रमशः९८.०० प्रतिशत र ४५.७ प्रतिशत पुगेको छ। आधारभूत तह (कक्षा १-५), आधारभूत तह (कक्षा १-८) र माध्यमिक तह (कक्षा ९-१०) सम्मको टिकाउ दर क्रमशः ९३.२ प्रतिशत, ९५.०० प्रतिशत, र ९५.६ प्रतिशत रहेको छ। लैङ्गिक समता सूचकाङ्क आधारभूत तह र माध्यमिक तहमा क्रमशः ०.९४ र ०.६७ रहेको छ। विद्यालय दोहोर्‍याउने दर

आधारभूत तह (कक्षा १-५) मा ६.१ प्रतिशत, आधारभूत तह (कक्षा १-८) मा ३.५ प्रतिशत र माध्यमिक तह (कक्षा ९-१०) मा २.६ प्रतिशत रहेको छ। त्यस्तै कक्षा छोड्ने दर आधारभूत तह (कक्षा १-५) मा ३.७ प्रतिशत, आधारभूत तह (कक्षा १-८) मा १.५ प्रतिशत र माध्यमिक तह (कक्षा ९-१०) मा १.७ प्रतिशत रहेको छ। साक्षरता दर ६ वर्ष माथिको ८९ प्रतिशत र १५ वर्ष माथिको ९१.८९ प्रतिशत रहेको छ।

**३. समस्या तथा चुनौती**

गाउँपालिकाको शिक्षा प्रणालीले हासिल गरेका यी उपलब्धीको बाबजुद थप नयाँ चुनौती र समस्या हाम्रा सामु विद्यमान छन्। गाउँपालिकाको शिक्षामा मुलतः समुदायमा आधारित प्रारम्भिक बालविकास केन्द्रको अपर्याप्तता र असन्तुलित विस्तार हुनु तथा वैज्ञानिक नक्साङ्कन हुन नसक्नु, प्रारम्भिक बालविकास कार्यक्रममा प्रभावकारिता कम हुनु, प्रारम्भिक बालविकास केन्द्रका सहजकर्ताको स्थायित्व नहुनु, न्यून शैक्षिक योग्यता हुनु र तालिमको व्यवस्थापन हुन नसक्नु, सुविधा न्यून हुनु, बालविकास केन्द्रमा कमजोर भौतिक व्यवस्थापन हुनु, सिकाइ सामग्री अपुग हुनु, बालविकास केन्द्र व्यवस्थापन कोषको अभाव हुनु, असमान उमेर समूहका बालबालिका हुनु, समन्वयको कमी हुनु, अनुगमन र मूल्याङ्कन प्रभावकारी बन्न नसक्नु, आधारभूत विद्यालय उमेर समूहका सबै बालबालिकाहरु अझै विद्यालय भर्ना भै नसक्नु, विद्यालय भर्ना भएका मध्ये सबै विद्यार्थी अध्यननमा निरन्तर नहुनु, शिक्षाको गुणस्तर अपेक्षित रुपमा न्यून हुनु, शैक्षिक सुशासन कायम हुन नसक्नु, शिक्षामा पर्याप्त लगानी नहुनु, शिक्षा र रोजगारीबीच तालमेल हुन नसक्नु, सेवाप्रवाह प्रणाली जनमैत्री नहुनु, विद्यालयको समायोजन तथा व्यवस्थापनमा कठिनाइ हुनु, विद्यालय सुधार योजना प्रभावकारी बन्न नसक्नु, सार्वजनिक शिक्षामा स्थानीय समुदायको अपनत्व सिर्जना हुन नसक्नु, लक्षित समूहको निरन्तर रुपमा सक्रिय सहभागिता हुन नसक्नु, जनजाति र दलित बालबालिकाहरुको पहुँच तथा निरन्तरता न्यून हुनु, माध्यमिक शिक्षा पूर्ण रुपमा निःशुल्क हुन नसक्नु, तहअनुसार शिक्षकको दरबन्दीमा कमी हुनु, शिक्षकको पेसागत सक्षमता, नैतिकता र उत्प्रेरणामा कमी हुनु, शिक्षक तालिम आवश्यकतामुखी नहुनु, तालिम पश्चात् शिक्षकले तालिमको ज्ञान सीप शिक्षण सिकाइमा प्रयोग गरे नगरेको बारे अनुगमन नहुनु, शिक्षकको पेशागत विकासका कार्यक्रम सञ्चालन नगरिनु, पर्याप्त तालिम र कार्यसम्पादन मूल्याङ्कनको कमी हुनु, क्षमता विकासका लागि योजनाबद्ध कार्यक्रम नहुनु, शिक्षण प्रक्रिया अधिक परीक्षामुखी हुनु, विद्यालयका कर्मचारीहरुको पारिश्रमिक न्यून हुनु, विद्यालयका लेखा सम्बद्ध कर्मचारीहरुलाई पर्याप्त तालिमको अवसर नहुनु, नमुना विद्यालयको विस्तार गर्न नसक्नु, विज्ञान तथा प्रविधिमा आधारित शिक्षा र प्राविधिक तथा व्यावसायिक शिक्षाको पहूँच विस्तार गर्न नसक्नु, साक्षर गा.पा. घोषणा हुन नसक्नु, सामुदायिक सिकाइ केन्द्रको क्षमता वृद्धि हुन नसक्नु, सामुदायिक सिकाइ केन्द्रहरु गाउँपालिकाका सबै वडामा विस्तार हुन नसक्नु, अनौपचारिक प्राथमिक शिक्षा तथा खुला सिकाइका लागि पर्याप्त अवसरको अभाव हुनु, अनुगमनकर्तालाई पर्याप्त तालिमको अभाव हुनु जस्ता समस्याहरु गाउँपालिकाको शिक्षा प्रणालीले भोगिरहेका प्रमुख सवाल हुन्।

विद्यालय तहको शिक्षाका सबै तहमा समतामूलक र न्यायोचित पहूँच स्थापित गर्दै सार्वजनिक शिक्षामा गुणस्तर अभिवृद्धि गर्नु, शैक्षिक सुधारका लागि सरोकारवालाहरुबीच अपनत्व सिर्जना गर्नु, सबै तहको शिक्षामा गुणस्तर अभिवृद्धि गर्नु, शिक्षक तथा शिक्षाक्षेत्रको जनशक्तिमा पेसागत जवाफदेहीता सुनिश्चित गर्नु, शिक्षा प्रणालीमा शैक्षिक सुशासन कायम गर्नु, विद्यालय नेतृत्वको भूमिका सबलीकरण गर्नु, शिक्षा र रोजगारीबीच तालमेल कायम गर्नु, प्रतिभा पलायन रोक्नु, सार्वजनिक शिक्षामा सबै नागरिकको विश्वास जगाउने वातावरण सिर्जना गर्नु र संविधान प्रदत्त मौलिक हकको प्रभावकारी कार्यान्वयन गर्नु शिक्षा क्षेत्रका प्रमुख चुनौती हुन्।

**४. शिक्षा नीतिको आवश्यकता**

नेपालको संविधानमा निर्दिष्ट गरिएका शिक्षा सम्बन्धी मौलिक हक, राज्यको पुनःसंरचना र अधिकारको बाँडफाँट, मुलुकको आर्थिक-सामाजिक रुपान्तरणका एजेण्डा, दिगो विकास लक्ष्यप्रति नेपालको प्रतिवद्धता, पन्ध्रौं योजनाको आधारपत्र, सन् २०२२ भित्र अति कम विकसितबाट विकासशील राष्ट्र बन्ने लक्ष्य तथा सन् २०३० सम्म मध्यम आय भएको राष्ट्रका रुपमा स्तरोन्नति गर्ने राष्ट्रिय सङ्कल्प नै नयाँ शिक्षा नीति तर्जुमाका मूल आधार हुन्।
शिक्षा प्राप्त गर्ने प्रत्येक व्यक्तिको आधारभूत मौलिक हकलाई कार्यान्वयन गर्न, सङ्घीय लोकतान्त्रिक गणतन्त्रको मान्यता अनुरुप शिक्षामा सबैको सरल, सहज र समतामूलक पहूँच सुनिश्चित गर्न एवं शिक्षालाई सर्वव्यापी, जीवनोपयोगी, प्रतिस्पर्धी एवं गुणस्तरयुक्त बनाउन तथा विद्यालय शिक्षाको व्यवस्थापकीय पक्षलाई सुदृढीकरण गर्न यो नयाँ शिक्षा नीति आवश्यक परेको हो। संघीय ढाँचा अनुरुप गाउँपालिकामा शिक्षा प्रशासन प्रभावकारी एवं नतिजामूलक ढंगले सञ्चालन गरी नागरिकको शिक्षा प्राप्तिको अधिकार सुनिश्चित गर्नका लागि समयानुकूल शिक्षा नीतिको तर्जुमा गर्नु परेको हो।

**५. लक्ष्य**

१. विद्यालय तहको शिक्षामा सबैको पहूँच र गुणस्तर अभिवृद्धि गरी प्रतिस्पर्धी, उद्यमी र नवप्रवर्तनशील मानव पूँजीको विकासबाट गाउँपालिकाको आर्थिक-सामाजिक रुपान्तरण गर्ने।
२. शैक्षिक विकास तथा गुणस्तरीय र परिणाममुखी शैक्षिक उपलब्धि सहितको नमूना गाउँपालिकाको रुपमा गन्यापधुरा गाउँपालिकालाई रुपान्तरण गर्ने।

**६. उद्देश्य**

१. बालबालिकाको सर्वाङ्गीण विकासमा केन्द्रित प्रारम्भिक बालविकास तथा शिक्षालाई गुणस्तरीय र प्रभावकारी बनाउनु।
२. सबै नागरिकलाई साक्षर बनाई गाउँपालिकालाई पूर्ण साक्षर बनाउनु।
३. आधारभूत शिक्षामा सबैको सहज एवं समतामूलक पहूँच र निरन्तरता सुनिश्चित गर्दै सर्वव्यापी, जीवनोपयोगी, प्रतिस्पर्धी एवं गुणस्तरयुक्त अनिवार्य तथा निःशुल्क शिक्षाको प्रत्याभूति गर्नु।
४. गुणस्तरीय माध्यमिक शिक्षामा सबैको निःशुल्क पहूँच सुनिश्चित गर्दै सिर्जनशिलता, रचनात्मकता, अध्ययनशीलता, सकारात्मक चिन्तन र सदाचार जस्ता गुण सहितको प्रतिस्पर्धी, सीपयुक्त एवं उत्पादनशील जनशक्ति तयार गर्नु।
५. प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमका अवसरहरुलाई व्यापक विस्तार गरी समावेशी एवं समतामूलक पहूँच स्थापित गर्नु।
६. प्रतिस्पर्धी र अनुसन्धानमुखी मानव संशाधन विकासका लागि आवश्यक सहयोग र सहजीकरण गर्नु।
७. सबै प्रकारका अपाङ्गता भएका व्यक्तिका लागि गुणस्तरीय शिक्षाको पहूँच सुनिश्चित गर्नु।
८. शिक्षा प्रणालीलाई सुदृढ, सक्षम र जवाफदेही बनाउनु तथा शैक्षिक सुशासन कायम गर्नु।
९. शैक्षिक क्षेत्रका विद्यमान असल अभ्यासलाई सम्मिलन गर्नु।
१०. शैक्षिक गुणस्तर मानक तथा मापदण्डका आधारमा विद्यालय तहको शिक्षाको गुणस्तर अभिवृद्धि गर्नु।
११. प्राथमिकताका आधारमा पर्याप्तता, समन्यायिकता र प्रतिफलमुखी हुने गरी शैक्षिक लगानी सुनिश्चित गर्नु।
१२. विज्ञान तथा प्रविधिलाई शिक्षा प्रणालीमा एकीकरण गर्दै परम्परागत तथा आधुनिक प्रविधिलाई उपयोग गर्न सक्ने क्षमता विकास गर्नु।
१३. शैक्षिक गुणस्तर सुधारका लागि राम्रो विद्यालय, राम्रो शिक्षण र राम्रो सिकाइको अवधारणा बमोजिम विद्यालय र शिक्षण संस्थाको सुदृढीकरण गर्नु।
१४. विद्यालय विकासमा सबै सरोकारवालाहरुको सार्थक सहभागिता सुनिश्चित गर्नु।

१५.सामुदायिक विद्यालयहरुलाई सूचक र मापदण्डका आधारमा नमूना विद्यालय बनाउनु ।

१६.विद्यालय तहको शिक्षामा सक्षमता सहितको प्रत्येक कक्षा र विषयको सिकाइ उपलब्धि शैक्षिक सत्र २०७७ देखि प्रतिवर्ष २ प्रतिशतले बढाउनु ।

**७. रणनीति**

१. गाउँपालिका र अभिभावकको साझेदारीमा बालबालिकाहरुको सर्वाङ्गीण विकास एवं विद्यालय शिक्षाको पूर्वतयारीका लागि कम्तीमा एक वर्षको प्रारम्भिक बालविकासको अवसर प्रदान गर्ने ।

२. उपयुक्त पूर्वाधारसहितको बालमैत्री वातावरण सुनिश्चित गरी प्रारम्भिक बालविकासको अवसर विस्तार गर्ने ।

३. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको प्रत्याभूति गर्न सबै बालबालिकालाई विद्यालय भर्ना गराउने एवं भर्ना भएका सबैलाई अध्ययनमा निरन्तरता दिने र गुणस्तर अभिवृद्धिका लागि उत्प्रेरणामूलक कार्यक्रम अवलम्बन गर्ने ।

४. गुणस्तरीय आधारभूत र माध्यमिक शिक्षामा सबैको सुनिश्चितता गर्न औपचारिक, अनौपचारिक, वैकल्पिक र खुला शिक्षा प्रणालीको अवलम्वन गर्ने ।

५. माध्यमिक शिक्षामा गाउँपालिका, निजी क्षेत्र र सहकारी समेतको सहभागितामा प्रभावकारी व्यवस्थापन गर्ने ।

६. प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिममा व्यापक सहभागिताको वातावरण सिर्जना गर्ने ।

७. प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमको क्षेत्रमा विभिन्न सरोकारवालाहरुको सहभागिता एवं साझेदारीमा दिगो लगानी सुनिश्चित गर्ने ।

८. स्थानीय श्रम बजारको आवश्यकता एवं प्राथमिकताका आधारमा योग्यता र क्षमता अनुसार प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकासका अवसरहरु सबैलाई प्रदान गर्ने ।

९. प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिममा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई समेट्न विशेष सहुलियत प्रदान गर्ने ।

१०.साक्षरता, अनौपचारिक शिक्षा र आजीवन सिकाइलाई पेसा एवं व्यवसाय, सामाजिक जीवन र सहभागितासँग आवद्ध गर्ने ।

११.भौतिक पूर्वाधार, शिक्षण सिकाइ प्रक्रिया र मूल्याङ्कन प्रणालीलाई समावेशी एवं अपाङ्गमैत्री बनाउने ।

१२.अपाङ्गता भएका बालबालिकाहरुको आवश्यकता र समावेशीकरणको सिद्धान्तका आधारमा विशेष शिक्षा र समावेशी शिक्षाका माध्यमबाट उपयुक्त शैक्षिक अवसरहरु प्रदान गर्ने ।

१३.दक्ष, योग्य, सक्षम, गुणस्तरीय जनशक्तिको व्यवस्थापन गरी शिक्षण, प्रशिक्षण, शैक्षिक प्रशासन जस्ता पक्षमा उत्कृष्ट नतिजा हासिल गर्ने ।

१४.शिक्षकको पेशागत सक्षमता, अद्यावधिकता, उत्प्रेरणा, कार्यसम्पादनस्तर र अनुभव जस्ता पक्षहरुलाई शिक्षकको वृत्ति विकाससँग आवद्ध गर्न सहजीकरण गर्ने ।

१५.विद्यालयमा तहगत र विषयगत शिक्षकको व्यवस्थापन गर्नुका साथै शिक्षकको प्राप्ति, विकास र उपयोग प्रणालीमा सुधार गरी विद्यालय शिक्षाको गुणस्तर अभिवृद्धि गर्ने ।

१६.विद्यालयहरुको नक्साङ्कन, समायोजन र स्तरोन्नति गर्ने ।

१७.सूचना तथा सञ्चार प्रविधिलाई शिक्षण सिकाइ प्रक्रियाको अभिन्न अङ्गका रुपमा उपयोग गर्ने ।

१८.अनलाइनमा आधारित एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणालीको सुदृढीकरण गर्ने ।

१९.अपनत्वको सिर्जना, नेतृत्वको सबलीकरण, शिक्षण सिकाइ प्रक्रियामा सुधार, पेशागत नैतिकताको प्रवर्द्धन, लगानी अभिवृद्धि र प्रविधिको उच्चतम प्रयोगद्वारा सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने ।

२०.शैक्षिक गुणस्तर अभिवृद्धिका लागि शिक्षण संस्थाहरुको नियमित रुपमा प्रभावकारी अनुगमन, निरीक्षण तथा मूल्याङ्कन गर्ने।

**८. नीति तथा कार्यनीति**

शिक्षाको लक्ष्य,उद्देश्य र रणनीतिहरुको परिधिभित्र रही देहायबमोजिमका नीति तथा कार्यनीतिहरु अवलम्बन गरिने छ।

**(क) प्रारम्भिक बालविकास तथा शिक्षा**

१. तोकिएको मापदण्डका आधारमा सबै विद्यालयहरुमा बालविकास कक्षा र विद्यालय बाहिर बालविकास केन्द्र र बालविकास तथा स्याहार केन्द्र स्थापना र सञ्चालनको लागि व्यवस्था मिलाइनेछ।

२. चार वर्ष उमेर पुगेका बालबालिकाका लागि तोकिएको न्यूनतम मापदण्डको आधारमा गाउँपालिका र अभिभावकहरुको साझेदारीमा एक वर्षे प्रारम्भिक बाल विकास कार्यक्रम सञ्चालन गरिनेछ।

३. प्रारम्भिक बालविकास कक्षा र बालविकास तथा स्याहार केन्द्रहरुमा बालबालिकाका सुरक्षा, पोषण, खेल (सामग्री र स्थान), शयन स्थल, भवन, कक्षाकोठा लगायतका आवश्यक भौतिक पूर्वाधारको व्यवस्था मिलाइनेछ।

४. विद्यालयमा सञ्चालन गरिने प्रारम्भिक बालविकास कक्षा विद्यालयको हाताभित्र छुट्टै भौतिक संरचना खडा गरी सञ्चालन गर्नुका साथै विद्यालय टाढा भएका भएका कारण बालविकास कक्षाको पहूँचभन्दा बाहिर रहेका बालबालिकालाई लक्षित गरी नजिकको विद्यालयको समन्वयमा समुदायस्तरमा वैकल्पिक प्रारम्भिक बालविकास केन्द्र सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ।

५. गाउँपालिका र समुदायको साझेदारीमा प्रत्येक वडा वा टोलमा बालबालिकाहरुलाई खेल्ने र मनोरञ्जन गर्ने सामग्रीहरु सहितको बालउद्यान निर्माण गरिनेछ।

६. पाँच वर्षभन्दा कम उमेरका बालबालिकाहरुको स्याहार, पोषण र स्वास्थ्य विकासका लागि अभिभावक समेतको लगानीमा विद्यालय भित्र वा बाहिर बालविकास तथा स्याहार केन्द्र स्थापना र सञ्चालन गर्न सकिने व्यवस्था मिलाइनेछ।

७. दलित, जनजाति, अपाङ्गता भएका, आर्थिक रुपले विपन्न वर्गका बालबालिकाका लागि निःशुल्क प्रारम्भिक बालविकासको अवसर सुनिश्चित गरिनेछ।

८. प्रारम्भिक बालविकास कक्षामा बालबालिकाको सर्वाङ्गीण विकासमा टेवा पुर्‍याउने खालका आवश्यक सामग्री व्यवस्था गरिनेछ।

९. प्रारम्भिक बालविकास कक्षामा बालबालिकाको सरसफाइ, हेरचाह, खाजा तथा अन्य कार्यमा सहयोग पुर्‍याउने व्यवस्था मिलाइनेछ।

१०.प्रारम्भिक बालविकास कक्षा र बालविकास केन्द्रका लागि विद्यार्थी सङ्ख्याका आधारमा आवश्यक शिक्षकको आपूर्ति गर्ने व्यवस्था मिलाइनेछ।

११.प्रारम्भिक बालविकास कार्यक्रममा संलग्न जनशक्तिको क्षमता विकास गर्न सञ्जाल स्थापना गरी अनुभव आदानप्रदान गर्ने वातावरण सिर्जना गरिनेछ।

१२.प्रारम्भिक बालविकास कार्यक्रममा आवश्यक पर्ने सहजीकरण सीप विकासका लागि उचित तालिमको व्यवस्था गरिनेछ।

१३.प्रारम्भिक बालविकास शिक्षकको कार्यसम्पादनको आधारमा प्रत्येक वर्ष मूल्याङ्कन गरी पुरस्कार र दण्ड दिने व्यवस्था कार्यान्वयनमा ल्याइनेछ।

१४. बालबालिकाको सर्वाङ्गीर्ण विकासका निमित्त अभिभावकलाई प्रेरित गर्न अभिभावक जागरण कार्यक्रम सञ्चालन गरिनेछ। विभिन्न विज्ञहरुसँग अन्तरक्रिया गर्ने अवसर सिर्जना गरिनेछ।

१५.मातृभाषाका माध्यमबाट सिक्न पाउने अवसर प्रदान गर्न गाउँपालिकाले योजना बनाई कार्यान्वयन गर्ने व्यवस्था मिलाइनेछ ।

१६.गाउँपालिकामा गाउँ शिक्षा समिति मातहत रहने गरी प्रारम्भिक बालविकास उपसमिति गठन गरी परिचालन गरिनेछ ।

१७.बालविकास कक्षा तथा बालविकास केन्द्रहरुको नियमित रुपमा अनुगमन तथा निरीक्षण गरिनेछ ।

**(ख) अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा**

१. विद्यालय र गाउँपालिकाको सहकार्यमा शैक्षिक सत्रको आरम्भमा विद्यार्थी भर्ना अभियान सञ्चालन गरी आधारभूत विद्यालय उमेर समूहका सबै बालबालिकाहरुलाई विद्यालय ल्याई अनिवार्य तथा निःशुल्क शिक्षाको व्यवस्था गरिनेछ ।

२. आधारभूत विद्यालयमा उमेर समूहका आफ्ना परिवारका बालबालिकाहरुलाई विद्यालय भर्ना नगराएमा कानून बमोजिम दण्डित हुने तथ्य अभिभावकहरुलाई बोध गराउन अभिमुखीकरण कार्यक्रम तथा अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ ।

३. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको सही रुपमा कार्यान्वयन भए नभएको यकिन गर्न गाउँपालिकाबाट स्थलगत रुपमा अनिवार्य अनुगमनको व्यवस्था मिलाइनेछ ।

४. विद्यालय सेवाक्षेत्र सम्बन्धी मापदण्ड तथा कार्यविधिका आधारमा आधारभूत विद्यालयहरुलाई सेवाक्षेत्रको अवधारणा अनुरुप व्यवस्थित गरिनेछ ।

५. सबै बालबालिकाहरुलाई नजिकको विद्यालयमा अध्ययन गर्न प्रेरित गरिनेछ ।

६. विद्यालय बाहिर रहेका सबै बालबालिकाहरुलाई विद्यालय भित्र ल्याउन तथा अध्ययनमा निरन्तरताको सुनिश्चितता गर्न जनसहभागिता सहितको कार्यक्रम सञ्चालन गरिनेछ । साथै आवश्यकता हेरी आकर्षक छात्रवृत्तिको व्यवस्था गरिनेछ ।

७. आधारभूत शिक्षाको उमेर समूहका सबै बालबालिकाहरुलाई विद्यालय भर्ना गर्ने व्यवस्था मिलाइ अनिवार्य शिक्षा सुनिश्चित भएको सार्वजनिक घोषणा गर्ने व्यवस्था मिलाइनेछ ।

८. विद्यार्थी दिवा खाजा कार्यक्रमलाई निरन्तरता दिइनुका साथै विभिन्न प्रोत्साहनमूलक कार्यक्रमहरु सञ्चालन गरिनेछन् ।

९. सबै आधारभूत विद्यालयहरुमा भवन, कक्षाकोठा, फर्निचर, प्रयोगशाला, शौचालय, पानी, पुस्तकालय, बुक कर्नर जस्ता भौतिक तथा शैक्षिक पूर्वाधारको व्यवस्था गरिनेछ ।

१०.बालकेन्द्रित शिक्षण, बालमैत्री शैक्षणिक वातावरण, सिकाइमुखी शिक्षण पद्धति, शिक्षक विद्यार्थीविच सुमधुर सम्बन्ध विकास, सुरक्षित कक्षाकोठा, सम्मानपूर्ण व्यवहार जस्ता उपायहरुको अवलम्बन गरिनेछ ।

११.आधारभूत तहमा अनिवार्य नेपाली भाषाका साथै मातृभाषालाई पढाइको माध्यम बनाइनेछ । साथै गणित र विज्ञान विषयलाई अंग्रेजी भाषामा पनि अध्ययन गर्न सकिने व्यवस्था गरिनेछ ।

१२.मातृभाषाका पाठ्यसामग्री, शिक्षण सामग्री तथा अन्य सामग्रीहरु तयार गर्न सरोकारवाला तथा विज्ञहरु परिचालन गरी निर्माण, छपाइ, वितरण, वितरण,अनुगमन तथा मूल्याङ्कन गरिनेछ ।

१३.मातृभाषामा श्रव्य दृश्य सामग्री वा शैक्षिक सामग्री विकास गर्न विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

१४.मातृभाषा, लिपि, साहित्य एवं संस्कृति संरक्षण, संवर्द्धन तथा विकास गर्न मातृभाषाको पठनपाठन गर्न सकिने व्यवस्था मिलाइनेछ ।

१५. नेपाली भाषाको शिक्षणलाई प्रवर्द्धन गर्दै नेपाली मौलिक कला, संस्कृति, सामाजिक अध्ययन सम्बन्धी विषय नेपाली भाषामा पठनपाठन गर्ने व्यवस्था मिलाइनेछ।
१६. गणित, अंग्रेजी, सामाजिक, व्यावसायिक तथा स्वावलम्बनका विषयहरुमा पनि स्थानीयकरण गरी शिक्षण सिकाइ प्रक्रियामा सुधार ल्याइनेछ।

**(ग) माध्यमिक शिक्षा**

१. निःशुल्क माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित गर्न उपयुक्त कार्यक्रमहरु सञ्चालन गरिनेछ।
२. माध्यमिक विद्यालयमा भौतिक तथा शैक्षिक पूर्वाधार, शिक्षण सिकाइ प्रक्रिया र सिकाइ वातावरणमा सुधार गरी गुणस्तर अभिवृद्धि गरिनेछ।
३. विद्यार्थीको रुचि र समाजको आवश्यकता अनुरुप माध्यमिक शिक्षामा प्राविधिक तथा व्यावसायिक शिक्षाको अवसर प्रदान गर्ने व्यवस्था मिलाइनेछ।
४. माध्यमिक तहका कक्षाहरुमा अत्याधुनिक प्रविधिको प्रयोग गरी अङ्ग्रेजी वा नेपाली वा दुवै भाषाका माध्यमबाट पठनपाठन गर्ने व्यवस्था मिलाइनेछ।
५. प्रत्येक माध्यमिक विद्यालयहरुमा पर्याप्त मात्रामा खेलकुद सामग्री र खेल शिक्षकलाई आवश्यकताअनुसार प्रशिक्षणको व्यवस्था गरिनेछ।

**(घ) प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम**

१. श्रम बजारको आवश्यकताका आधारमा सीप नक्साङ्कन गरी तोकिएको मापदण्डका आधारमा प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप प्रदायक संस्थाहरुको स्थापना गरिनेछ।
२. प्राविधिक शिक्षालय वा विद्यालयमा स्थानीय विशेषता, आवश्यकता र सम्भावनाका आधारमा प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमका कार्यक्रमहरु सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ।
३. प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकाससम्बन्धी सञ्चालित कार्यक्रमहरुको व्यवस्थापन, अनुगमन तथा निरीक्षण गर्ने व्यवस्था मिलाइनेछ।
४. प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमको क्षेत्रमा रुचि राख्ने विद्यार्थीहरुका लागि प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकासको अवसर उपलब्ध गराइनेछ।
५. प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमका गतिविधिलाई प्रयोगात्मक, व्यावहारिक र समयानुकूल बनाउन आवश्यक प्रबन्ध गरिनेछ।
६. प्राविधिक तथा व्यावसायिक शिक्षाका कार्यक्रमहरुमा आधुनिक सूचना प्रविधिको प्रयोग गर्ने व्यवस्था मिलाइनेछ।
७. प्राविधिक तथा व्यावसायिक शिक्षा सञ्चालन गर्न चाहने व्यक्ति तथा संघसंस्थाहरुलाई नियमन र प्रोत्साहनको व्यवस्था गर्न सकिनेछ।

**(ङ) अनौपचारिक, जीवन पर्यन्त र खुला शिक्षा**

१. गाउँपालिकामा कम्तीमा एउटा सार्वजनिक पुस्तकालयको स्थापना गरी आधुनिक सूचना तथा सञ्चार प्रविधियुक्त बनाइनेछ।

२. पुस्तकालयलाई जीवनोपयोगी, सेवामुखी र आत्मनिर्भर बनाउँदै लैजाने एवं यस्ता पुस्तकालयबाट सबै वडाहरुमा स्याटलाईट पुस्तकालय तथा घुम्ती पुस्तकालय सेवा सञ्चालन गरिनेछ ।
३. आधारभूत तहदेखि माध्यमिक विद्यालय सम्म सबै विद्यालयहरुमा पर्याप्त सन्दर्भसामग्री सहितका पुस्तकालयहरुको स्थापना, विकास, व्यवस्थापन तथा सञ्चालन गरिनेछ ।
४. आजीवन सिकाइ,जीविकोपार्जनका लागि सीप सम्बन्धी तालिम तथा निरन्तर शिक्षाको लागि प्रत्येक वडामा सामुदायिक सिकाइ केन्द्र स्थापना गरी आवश्यकताअनुसार विस्तार तथा सुदृढीकरण गरिनेछ ।
५. साक्षर गाउँपालिका घोषणा गरी शिक्षित गाउँपालिका बनाउनमा केन्द्रित आजीवन सिकाइका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
६. खुला शिक्षाको अवसर विस्तार गर्नका लागि खुला विद्यालयका विद्यार्थीहरुलाई लक्षित गरी मुद्रित, मल्टिमिडिया र अनलाइनमा आधारित सिकाइ सामग्री उपलब्ध गराउन सहजीकरण गरिनेछ ।
७. खुला तथा दूर शिक्षाका कार्यक्रमहरु सञ्चालनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई बढावा दिँदै प्रभावकारी बनाइनेछ ।
८. अनौपचारिक शिक्षाका कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न मातृभाषाको माध्यमबाट शिक्षा प्रदान गर्ने व्यवस्था गरिनेछ ।
९. अनौपचारिक शिक्षा प्राप्त गरेकाहरुलाई औपचारिक शिक्षामा प्रवेश गर्नका लागि आवश्यक संयन्त्रसहित थप व्यवस्था गरिनेछ ।

**(च) समावेशी र विशेष शिक्षा**

१. अपाङ्गता भएका, असक्त र घरबाट विद्यालय आवतजावत गर्न असमर्थ तर विद्यालयमा अध्ययन गर्न सक्ने बालबालिकाका लागि पायक पर्ने स्थानमा आवश्यकताका आधारमा छात्रावाससहितको "विशेष विद्यालय" सञ्चालन गरिनेछ ।
२. अपाङ्गता भएका बालबालिकाहरुको अपाङ्गताको अवस्था हेरी सम्भव भएसम्म अन्य बालबालिकाहरुसँगै बसेर सिक्न पाउने गरी समावेशी शिक्षाको व्यवस्था गरिनेछ ।
३. साधारण अवस्थाका बालबालिकासँग बसेर अध्ययन गर्न सक्ने अपाङ्गता भएका बालबालिकाहरुका लागि अपाङ्गताको प्रकृति र स्तर अनुसार आवश्यक पर्ने सामग्रीहरु (जस्तैः ह्वील चेयर, छडी, ब्रेल पुस्तक, साङ्केतिक चित्र आदि) को समुचित प्रबन्ध गरिनेछ ।
४. अपाङ्गता तथा फरक क्षमता भएका बालबालिकाहरुलाई आत्मनिर्भर बनाउनका लागि व्यावसायिक सीप सिक्ने अवसर प्रदान गरिनेछ ।
५. सबै प्रकारका अपाङ्गता भएका बालबालिकाहरु (शारीरिक अपाङ्गता, सुनाइ अपाङ्गता, दृष्टि अपाङ्गता, स्वर र बोलाइ अपाङ्गता, मानसिक वा मनोसामाजिक अपाङ्गता, बौद्धिक अपाङ्गता, अनुवंशीय रक्तश्राव सम्बन्धी अपाङ्गता, अटिज्म अपाङ्गता र बहुअपाङ्गता) को पठनपाठनमा सहजता ल्याउन शारीरिक तथा बौद्धिक क्षमताअनुसारको अपाङ्गमैत्री भौतिक पूर्वाधार तथा सिकाइ वातावरणको प्रबन्ध गरिनेछ ।
६. सबै बालबालिकालाई सक्षम बनाउन बालबालिकाहरुको अवस्था र प्रकृति हेरी विशेष कक्षा तथा सुधारात्मक कक्षाको व्यवस्था मिलाइनेछ ।
७. सुस्त श्रवण भएका बालबालिकालाई साङ्केतिक भाषा तथा दृष्टिविहिन र न्यून दृष्टि भएका बालबालिकालाई ब्रेललिपिका साथै अन्य उपकरणबाट प्रयोगबाट सिक्न सक्ने अवसर प्रदान गर्न सहजीकरण गरिनेछ ।

८. सिकाइ सामग्री, शिक्षण विधि तथा विद्यार्थी मूल्याङ्कन प्रणालीलाई अपाङ्गता भएका बालबालिका अनुकूल बनाउन सहजीकरण गरिनेछ।
९. प्रारम्भिक बालविकास देखि माध्यमिक तहसम्मको शिक्षा तथा जीवनपर्यन्त शिक्षासम्म समावेशीकरण सम्बन्धी मुद्दा पहिचान गरी त्यसको उचित सम्बोधन गरिनेछ।
१०. दलित, अपाङ्गता भएका व्यक्ति, आर्थिक रुपले विपन्न र सामाजिक रुपले पछि परेका समुदाय तथा वर्ग, विशेष प्रतिभावान् व्यक्तिका पूर्ण वा आंशिक लगानी गरी शिक्षाको प्रवर्द्धन गर्ने व्यवस्था मिलाइनेछ।
११. विविधताको सम्मान गर्दै विद्यालयमा सबै बालबालिकाहरुलाई समान व्यवहार र सिकाइमा समान अवसर प्रदान गर्न विद्यालय तथा शिक्षकहरुलाई पूर्ण जिम्मेवार बनाइनेछ।
१२. विद्यालयको नेतृत्वमा महिलाको प्रतिनिधित्व अभिवृद्धि गर्न क्षमता विकासमा जोड दिइनेछ।
१३. विद्यालयमा छात्राहरुलाई निःशुल्क स्यानिटरी प्याडको व्यवस्था गरिनेछ।
१४. आर्थिक रुपले विपन्न, सामाजिक रुपले पछि परेका समुदाय तथा वर्गलाई प्राथमिकता दिँदै स्टेशनरी, दिवा खाजा र पोशाक क्रमशः निःशुल्क उपलब्ध गराउँदै विद्यालय छोड्ने दरमा कमी ल्याइनेछ।

**(छ) शैक्षिक सुशासन र जनशक्ति व्यवस्थापन**

१. सबै विद्यालयमा योग्य तथा सक्षम विषयगत शिक्षकको व्यवस्थापन गरिनेछ।
२. शिक्षकलाई पेशाप्रति जवाफदेही बनाइनेछ। प्रधानाध्यापक, शिक्षक तथा कर्मचारीको कार्यसम्पादन मूल्याङ्कन प्रक्रियालाई पारदर्शी तथा नतिजामा आधारित बनाउन कार्यसम्पादन सम्झौता गरिनेछ।
३. विद्यार्थीहरुले परीक्षामा हासिल गरेको परिणाम समेतको आधारमा शिक्षकको कार्यसम्पादन मूल्याङ्कन गरी शिक्षण सिकाइ क्रियाकलापमा सुधारका लागि शिक्षकहरुलाई जिम्मेवार र जवाफदेही बनाइनेछ।
४. शिक्षकको सक्षमता, विद्यार्थीको सिकाइ उपलब्धि, कार्यमूलक अनुसन्धान, शैक्षिक सामग्री निर्माण र प्रयोग, नवप्रवर्तनात्मक कार्य, अतिरिक्त र सहक्रियाकलाप सञ्चालन, पेशागत जिम्मेवारी तथा जवाफदेहिता बहन जस्ता स्पष्ट र पारदर्शी सूचकका आधारमा शिक्षकको कार्यसम्पादन मूल्याङ्कन गरिनेछ।
५. वार्षिक कार्यसम्पादन मूल्याङ्कन तथा विद्यार्थीको नतिजामा उत्कृष्टता हासिल गरेका शिक्षकलाई प्रशंसा, पुरस्कार तथा सम्मान दिने व्यवस्था गरिनेछ।
६. शिक्षकहरुको उत्प्रेरणा, पेशागत नैतिकता र सक्षमता अभिवृद्धि गर्न तालिम तथा आवश्यकता अनुसार अन्य कार्यक्रमहरु सञ्चालन गरिनेछ।
७. शिक्षक दरबन्दी पुनर्वितरणबाट पनि शिक्षक नपुग भएमा आवश्यकताका आधारमा थप शिक्षक दरबन्दी सिर्जना गर्न सक्ने व्यवस्था मिलाइनेछ।
८. विद्यालय र समुदायका बीच जीवन्त सम्बन्ध निर्माण गर्न, विद्यालय सम्बन्धी नीतिगत निर्णय गर्न, विद्यालय र गाउँपालिका तथा समुदायको बीच पुलको रुपमा काम गर्न र विद्यालयका लागि समुदायको तर्फबाट सहयोग जुटाउन विद्यालय व्यवस्थापन समितिलाई जिम्मेवार र जवाफदेही बनाइनेछ।
९. विद्यालयको योजना तर्जुमा, श्रोत व्यवस्थापन, अनुगमन, सुपरिवेक्षण, स्थानीय पाठ्यक्रम निर्माण लगायतका शैक्षिक क्रियाकलापहरुमा समुदायलाई सहभागी गराइनेछ।
१०. विद्यालय व्यवस्थापन तथा सञ्चालन गर्न विद्यालय व्यवस्थापन समितिलाई गाउँपालिकाको सहयोगी संयन्त्रका रुपमा विकास गरिनेछ।
११. विद्यालयहरुलाई स्वशासित र जवाफदेही संस्थाका रुपमा विकास गरिनेछ।

१२.विद्यालय सञ्चालनका लागि आवश्यक श्रोत साधन, शैक्षिक, आर्थिक तथा व्यवस्थापकीय अधिकार विद्यालय तहमा नै विकेन्द्रित गरिनेछ ।

१३.विद्यालय व्यवस्थापनलाई प्रभावकारी बनाउन विद्यालयले समुदाय तथा आफ्ना अभिभावकहरुसँग निरन्तर सम्वाद र अन्तरक्रिया गर्ने व्यवस्था मिलाइनेछ ।

१४.शैक्षिक व्यवस्थापनको क्षमता अभिवृद्धि तथा संस्थागत विकासका निमित्त प्रधानाध्यापक, शिक्षक, कर्मचारी एवं व्यवस्थापन समितिका पदाधिकारीहरुको क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१५.सार्वजनिक विद्यालयको आर्थिक व्यवस्थापनलाई नतिजामुखी, पारदर्शी तथा जवाफदेही बनाउन सामाजिक परीक्षणलाई विद्यालय अनुदानको लागि अनिवार्य सर्तका रुपमा व्यवस्था गरिनेछ । र सामाजिक परीक्षणको प्रतिवेदन अभिभावकको भेलामा सार्वजनिक गर्ने व्यवस्था गरिनेछ ।

१६.विद्यालय र समुदायको अन्तरसम्बन्ध सुदृढ गरी समुदायको समग्र विकास र विपद् व्यवस्थापनका कार्य गर्न शिक्षक र विद्यार्थी परिचालन गरिनेछ ।

१७.विद्यार्थी, शिक्षक, कर्मचारी, संरचना, नीति, रणनीति तथा परिणामको जानकारी पाउने गरी शैक्षिक सूचना व्यवस्थापन प्रणालीलाई व्यवस्थित गरिनेछ ।

१८.शैक्षिक सूचना व्यवस्थापन प्रणालीको सुदृढीकरण गर्न गाउँपालिका र विद्यालय व्यवस्थापन समितिलाई सक्षम र जिम्मेवार बनाइनेछ ।

१९.शैक्षिक सूचना व्यवस्थापन प्रणालीलाई अनलाइनमा आधारित बनाइ दोहोरो सञ्चारको रुपमा आवश्यक तथ्याङ्क उपलब्ध गराइने व्यवस्था मिलाइनेछ ।

२०.विद्यालय र शैक्षिक संस्थाहरुमा छुवाछुत, बालश्रम र लैङ्गिक हिंसा एवं दुर्व्यवहारको विरुद्ध शून्य सहनशीलताको नीति अवलम्बन गरिनेछ । त्यस्ता घटनाको रोकथाम र नियन्त्रणका लागि विद्यालय र शैक्षिक संस्थामा परामर्श सेवाको व्यवस्था गरिनेछ ।

२१.विद्यालयको शैक्षिक नेतृत्व र व्यवस्थापनलाई प्रभावकारी बनाउन प्रधानाध्यापकलाई जिम्मेवार एवं अधिकारसम्पन्न बनाइनेछ ।

२२.प्रधानाध्यापकलाई विद्यालय सञ्चालनको पूर्ण जिम्मेवारी दिई कार्यसम्पादन र नतिजाका आधारमा मूल्याङ्कन गरिनेछ ।

२३.विद्यालय र शैक्षिक संस्थामा आवद्ध विद्यार्थी, शिक्षक, प्रधानाध्यापक, कर्मचारी, अभिभावक र अन्य सरोकारवालाहरुको आचारसंहिता तयार गरी लागू गरिने र सो अनुसार भए नभएको अनुगमन गरिनेछ ।

२४. उत्कृष्ट कार्य सम्पादन गर्ने विद्यालयलाई कार्यसम्पादनका आधारमा थप प्रोत्साहनको व्यवस्था गरिनेछ ।

२५.शिक्षक र कर्मचारीले तोकिएको दैनिक कार्य समयावधिभर शिक्षासँग सम्बन्धित बाहेक अन्य कुनै पनि पेसामा आबद्ध हुने वा कुनै पनि गैरसरकारी संस्थाका गतिविधि वा राजनीतिक क्रियाकलापमा सहभागी हुने कार्यमा रोक लगाइनेछ ।

२६.विद्यालय शान्ति क्षेत्रको अवधारणालाई कार्यान्वयन गर्दै विद्यालयहरुलाई दण्डरहित शिक्षण सिकाइ गर्ने थलोको रुपमा विकास गरिनेछ ।

**(ज) सार्वजनिक- निजी साझेदारी र सामुदायिक एवं सार्वजनिक शिक्षा प्रणालीको सबलीकरण**

१. शिक्षकलाई प्रशासनिक रुपमा प्रधानाध्यापकप्रति र सिकाइ उपलब्धिका लागि विद्यार्थी तथा अभिभावकप्रति जवाफदेही बनाइने र प्रधानाध्यापकलाई सिकाइ, विद्यालय व्यवस्थापनका लागि विद्यार्थी, अभिभावक र गाउँपालिकाप्रति जवाफदेही बनाइनेछ ।
२. विद्यार्थीको सिकाइ उपलब्धि अभिवृद्धि गर्न शिक्षकको कार्यसम्पादनका वस्तुनिष्ठ सूचकहरुका आधारमा कार्यसम्पादन मूल्याङ्कन गरी पुरस्कार र दण्डको पद्धति लागू गरिनेछ ।
३. आवधिक रुपमा विद्यालयहरुको सिकाइ स्तर जाँच गर्ने र देखिएका समस्या पहिचान गरी सुधारका उपायहरु अवलम्बन गरिनेछ ।
४. विद्यालयहरुको लेखा प्रणाली अनलाइनमा आधारित बनाई आम्दानी र खर्चमा पारदर्शिता कायम गर्ने व्यवस्था मिलाइनेछ ।
५. पाठ्यक्रम तथा पाठ्यपुस्तक, शिक्षकको सेवा शर्त तथा सुविधा, शुल्कको सीमा, कर पालना, आर्थिक कारोबारमा पारदर्शिता र भौतिक र पूर्वाधारको स्थिति समेतका आधारमा निजी लगानीका विद्यालयहरुको प्रभावकारी नियमन गरिनेछ ।
६. प्रचलित कानून बमोजिम विद्यालयको दर्ता, नामाकरण, सञ्चालन तथा व्यवस्थापन नगर्ने निजी लगानीका विद्यालयलाई कारबाही गरिनेछ ।
७. निजी लगानीमा सञ्चालित विद्यालय शिक्षकहरुको लागि राष्ट्रिय मापदण्डको आधारमा शिक्षक छनौट, आपूर्ति, विकास र उपयोग गर्ने व्यवस्था मिलाइनेछ ।
८. निजी लगानीमा सञ्चालित विद्यालयहरुले १० देखि १५ प्रतिशत विद्यार्थीहरु (विपन्न जेहेन्दार, विपन्न दलित, अपाङ्गता भएका विपन्न व्यक्ति,विभिन्न विधामा प्रतिभावान् व्यक्ति लगायत लक्षित वर्ग) लाई निःशुल्क शिक्षा प्रदान गर्नुपर्ने व्यवस्था गरिनेछ ।
९. ट्यूसन तथा कोचिङ्ग कक्षाको अनुमति, नियमन लगायतका कार्यहरुको व्यवस्था गरिनेछ ।

**(झ) शिक्षामा गुणस्तर**

१. विद्यालयहरुले पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गर्ने गरी जिम्मेवारी किटान गरिनेछ ।
२. पाठ्यक्रममा आधारित पठनपाठन पद्धति लागू गरिनेछ ।
३. पाठ्यक्रमको गुणस्तरीयतालाई कार्यान्वयन गर्न शैक्षिक सामग्रीमा आधारित शिक्षण, परियोजना कार्य, प्रयोगात्मक अभ्यास जस्ता रचनात्मक एवं सिर्जनात्मक पक्षहरु अवलम्बन गरिनेछ ।
४. पाठ्यक्रम तथा पाठ्यपुस्तक कार्यान्वयन प्रभावकारिताको अनुगमन तथा मूल्याङ्कन गरी सुधारका लागि आवश्यक व्यवस्था मिलाइनेछ ।
५. राष्ट्रिय पाठ्यक्रम प्रारुपको अधीनमा रही स्थानीय विषयको पाठ्यक्रम तथा पाठ्यसामग्री विकास एवं कार्यान्वयन, पाठ्यसामग्री वितरण, पाठ्यक्रम कार्यान्वयन लगायतका कार्यहरु गरिनेछ ।
६. स्थानीय पाठ्यक्रम, पाठ्यपुस्तक तथा पाठ्यसामग्री विकास एवं कार्यान्वयनका लागि गाउँपालिका, विद्यालय र शिक्षकको क्षमता विकास गर्न आवश्यक व्यवस्था मिलाइनेछ ।
७. आधारभूत तहको कक्षा एक देखि तीनसम्म एकीकृत पाठ्यक्रममा आधारित कक्षा शिक्षण वा बहुकक्षा शिक्षण पद्धति लागू गर्ने व्यवस्था मिलाइनेछ । चार कक्षाभन्दा माथिल्ला कक्षाहरुमा विषयगत शिक्षण पद्धति लागू गर्ने व्यवस्था मिलाइनेछ ।
८. बहुपाठ्यपुस्तक नीतिका आधारमा विद्यालयहरुमा बहुपाठ्यपुस्तक उपलब्ध गराउने व्यवस्था मिलाइनेछ ।

९. शिक्षालाई व्यावहारिक एवं प्रयोगात्मक बनाउँदै विद्यार्थीहरुमा बहुप्रतिभाको विकास, सिर्जनात्मक क्षमता अभिवृद्धि, समालोचनात्मक दृष्टिकोण र सञ्चार सीप विकासका लागि खोज तथा अन्वेषणमा आधारित विद्यार्थी केन्द्रित सिकाइ रणनीतिहरु अवलम्बन गरिनेछ ।

१०. विद्यार्थीको प्रत्यक्ष सहभागितामा ज्ञान, सीप, क्षमता र सोचको विकास गर्ने खालका शिक्षण सिकाइ विधि, प्रविधि र प्रक्रिया अवलम्बन गरिनेछ ।

११. विद्यार्थीहरुको उमेर, रुचि, कक्षा, तह, क्षमता, परिवेश लगायतका पक्षहरुलाई दृष्टिगत गर्दै गृहकार्य सम्बन्धी रणनीति लागू गरिनेछ ।

१२. परियोजना कार्य, प्रस्तुतीकरण, समीक्षा, कला तथा सिर्जना परीक्षण, कक्षाकोठामा आधारित वा सिकारुको समुदाय वा परिवारमा आधारित खोजमुखी कार्य र तिनको संक्षिप्त प्रतिवेदन, मूल्याङ्कन, सिर्जनात्मक अभ्यास आदि तरिकालाई परीक्षण र मूल्याङ्कनका साधनका रुपमा प्रयोग गर्ने व्यवस्था मिलाइनेछ ।

१३. एकल विषय प्रमाणीकरण पद्धतिको आधारमा विद्यार्थीहरुको बहुप्रतिभासँग आबद्ध गरी निर्माणात्मक तथा निर्णयात्मक मूल्याङ्कन लागू गरिनेछ ।

१४. विद्यार्थी मूल्याङ्कन अन्तर्गत प्रयोगात्मक परीक्षा, व्यावहारिक अभ्यास, इन्टर्नसीप जस्ता परीक्षण विधिहरु अवलम्बन गरिनेछ ।

१५. प्रयोगात्मक मूल्याङ्कन र विद्यालयमा आधारित मूल्याङ्कन सम्बन्धी कार्यको निरीक्षण र बाह्य अडिट गाउँपालिकाबाट हुने प्रबन्ध मिलाइनेछ ।

१६. आधारभूत शिक्षा परीक्षा (कक्षा ८) को गाउँपालिकाबाट सञ्चालन, व्यवस्थापन र प्रमाणीकरण गर्ने व्यवस्था मिलाइनेछ ।

१७. गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुमा एउटै ढाँचा र कार्ययोजनाका आधारमा विद्यार्थी मूल्याङ्कन तथा परीक्षा सञ्चालन गर्ने नीति अवलम्बन गरिनेछ ।

१८. परीक्षा र मूल्याङ्कनको लेखाजोखा गर्ने, नतिजा विश्लेषण गर्ने र नतिजाका आधारमा शिक्षण सिकाइ सुधार योजना तयार गरी कार्यान्वयनमा ल्याउने जस्ता कार्यलाई व्यवस्थित गरिनेछ ।

१९. विद्यार्थी मूल्याङ्कन प्रणालीलाई व्यवस्थित गर्न आवश्यक सफ्टवेयरको व्यवस्था गरिनेछ ।

२०. विद्यालय तहमा शिक्षकको निरन्तर पेशागत विकास गर्न प्रधानाध्याकलाई जिम्मेवार बनाइनेछ ।

२१. शिक्षकको निरन्तर पेशागत विकास कार्यलाई विद्यार्थी सिकाइ उपलब्धिसँग आबद्ध गरिनेछ ।

२२. गाउँपालिकाले विद्यालयलाई केन्द्रविन्दु बनाएर शिक्षकको निरन्तर पेशागत विकास कार्यक्रमहरु (कष्टमाइज्ड तालिम, कार्यशाला, सेमिनार, अवलोकन भ्रमण, प्रतिविम्बन, शिक्षक नेटवर्क, सहकार्यात्मक रुपमा गरिने अनुसन्धान, मेन्टरीङ, कोचिङ आदि) सञ्चालन गरिनेछ ।

२३. एउटै विद्यालय वा गाउँपालिका अन्तर्गत रहेका विद्यालयका शिक्षकहरुबीच पेशागत साझेदारी, अनुभव आदानप्रदान तथा कक्षा अवलोकन गरी एक अर्काबाट सिक्ने व्यवस्था मिलाइनेछ ।

२४. पाठ्यक्रम तथा पाठ्यपुस्तक विकास, शिक्षक तालिम, शिक्षक छनोट, शिक्षण सिकाइ प्रक्रिया सञ्चालन र विद्यार्थी मूल्याङ्कन सम्बन्धी संघीय सरकारका निर्देशनहरु कार्यान्वयन गर्ने व्यवस्था मिलाइनेछ ।

२५. सबै विद्यालयहरुको स्तरोन्नति गरी भौतिक पूर्वाधार तथा शैक्षिक सुविधा सम्पन्न विद्यालयको रुपमा विकास गर्दै लगिनेछ ।

२६. विद्यालयको वातावरण स्वच्छ, सफा, शान्त, सुरक्षित र हरियालीयुक्त विद्यालयलाई वातावरणमैत्री हरित संस्थाको रुपमा विकास गरिनेछ ।

२७. विद्यालयहरुलाई बालमैत्री, छात्रामैत्री, अपाङ्गतामैत्री र सुरक्षित, हिंसारहित एवं भयरहित सिकाइ केन्द्रको रुपमा विकास गरिनेछ।
२८. विद्यालय शिक्षालाई गुणस्तरयुक्त बनाउन अवस्था अनुसार स्थलगत तथा विद्युतीय दुबै प्रकारबाट नियमित अनुगमन, निरीक्षण र सुपरीवेक्षणको व्यवस्था मिलाइनेछ।
२९. संस्थागत संयन्त्र, प्रक्रिया, मापदण्ड र सूचकका आधारमा नतिजामूलक अनुगमन तथा मूल्याङ्कनको लागि जिम्मेवारी एवं जवाफदेहिता किटान गरिनेछ।
३०. सुपरीवेक्षणलाई विद्यालयमा आधारित बनाउन विद्यालयका प्रधानाध्यापक, अनुभवी शिक्षक वा मेन्टर समकक्षी शिक्षकबाट सुपरिवेक्षण गर्ने परिपाटी सुरु गरिनेछ।
३१. विद्यालयको समग्र अवस्था र सुपरिवेक्षण कार्यको प्रभावकारिता अनुगमन र मूल्याङ्कन गर्ने प्रणाली अपनाइनेछ।
३२. प्रत्येक वर्ष विद्यालयको भौतिक अवस्था, शैक्षिक अवस्था, सिकाइ वातावरण, सिकाइ उपलब्धि स्तर , बालबालिकाको व्यावहारिक परिवर्तन, शिक्षकको कार्यसम्पादन स्तर, विद्यालय-समुदाय सम्बन्ध, शैक्षिक नेतृत्व, श्रोत परिचालन जस्ता पक्षहरुको मूल्याङ्कन गरी विद्यालयहरुको स्तरीकरण गरी सोको नतिजा वार्षिक रुपमा सार्वजनिक गर्ने व्यवस्था मिलाइनेछ।
३३. विद्यार्थी सङ्ख्या, भौतिक पूर्वाधार, जनशक्ति व्यवस्थापन, विद्यालयको तह, परीक्षाको परिणाम, गुणस्तर, खेलकूद, अतिरिक्त क्रियाकलाप तथा सहक्रियाकलाप, व्यवस्थापकीय कुशलता तथा प्रभावकारिताका आधारमा विद्यालयहरुको स्तर निर्धारण गरिनेछ।

**(ञ) शिक्षामा लगानी**

१. निश्चित मापदण्ड, आधार र आवश्यकताका आधारमा शैक्षिक लगानी वितरण र विनियोजन गरिनेछ।
२. गाउँपालिकाबाट शिक्षामा गरिने लगानी क्रमशः वृद्धि गर्दै लगिनेछ।
३. नतिजामा आधारित अनुदान तथा बजेट प्रवाह पद्धतिलाई उपलब्धिसँग आबद्ध गराई सशर्त अनुदान, भौतिक पूर्वाधार विकासका लागि एकमुष्ट अनुदान प्रवाह गरी श्रोत विनियोजन पद्धतिलाई व्यवस्थित र प्रभावकारी बनाइनेछ ।
४. शिक्षा विकासका निम्ति गाउँपालिकामा स्थानीय शिक्षा कोष खडा गरी त्यस्तो कोषमा अन्तरसरकारी वित्तीय हस्तान्तरणमार्फत प्राप्त हुने श्रोत, सम्बन्धित सरकारी श्रोत, विभिन्न संघसंस्था र दाताहरुबाट प्राप्त सहयोगलाई एकीकृत गर्ने र आवश्यकताका आधारमा श्रोत परिचालन गर्ने व्यवस्था मिलाइनेछ।
५. खर्च प्रणालीमा मितव्ययिता, कार्यक्षमता र प्रभावकारिता जस्ता मान्यताहरु अवलम्बन गरिनेछ।
६. विद्यालयहरुको आर्थिक कारोबार बैकिङ् प्रणालीमार्फत गर्दै पारदर्शी र व्यवस्थित बनाइनेछ।
७. विद्यालय विकासका लागि अभिभावक, व्यक्ति वा संस्थाले समेत स्वेच्छिक योगदान गर्न सक्ने गरी विद्यालय कोष स्थापना गर्न सकिनेछ। विद्यालय तथा बालक्लवले जोडकोषको आधारमा कार्यसम्पादन गर्न प्रस्तावना पेश गरेमा सोलाई प्राथमिकतामा राख्ने नीति अवलम्वन गरिनेछ।
८. विद्यालयहरुले विभिन्न आर्थिक र अन्य श्रोत परिचालन गरी शिक्षा कोष स्थापना गरी सो कोषमा समाजसेवी, चन्दादाता, पूर्व विद्यार्थी, व्यापारी वा अन्य वा दातृ संस्था, व्यक्ति वा निकायबाट विद्यालयको विकासको निमित्त दान वा आर्थिक सहयोग लिन सक्ने व्यवस्था कार्यान्वयनमा ल्याइनेछ।
९. उद्यमी, व्यवसायीसँग साझेदारी गरी शिक्षाका लागि लगानी व्यवस्थापन गर्न सक्ने व्यवस्था गरिनेछ।
१०. शिक्षामा सहकारीले पनि लगानी गर्न पाउने व्यवस्थालाई कार्यान्वयनमा ल्याइनेछ।

**(ट) सूचना तथा सञ्चार प्रविधि**

१. सूचना तथा सञ्चार प्रविधिलाई शिक्षा प्रणालीको अभिन्न अंगको रुपमा एकीकृत गर्दै प्रविधिमा आधारित शिक्षण सिकाइ प्रक्रिया अवलम्बन गर्न पूर्वाधार विकास, शिक्षक क्षमता अभिवृद्धि र अनुकूल वातावरण निर्माण गरिनेछ।
२. विद्यालय शिक्षामा प्रारम्भिक तहदेखि नै सूचना तथा सञ्चार प्रविधिलाई शिक्षण सिकाइ माध्यमका रुपमा प्रयोग गरिनेछ।
३. विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको पूर्वाधार विकास गर्दै इन्टरनेट सेवाको विस्तार गरिनेछ।
४. अनलाइन सेवाप्रवाह प्रणाली कार्यान्वयन गरी सेवाप्रवाहलाई छिटो, छरितो र प्रभावकारी बनाइनेछ।
५. विद्यालयमा अनलाइनमा आधारित सामग्रीहरु प्रयोग गर्न अनुकूल एवं सुरक्षित वातावरण तयार पारिनेछ।
६. सिकारु केन्द्रित शिक्षण सिकाइ प्रभावकारी रुपमा सञ्चालन गर्न सर्वव्यापी सिकाइ तथा व्यक्तिले सहजै प्रयोग गर्न सक्ने सामग्रीहरु जस्तैः ट्याब्लेट, स्मार्ट फोन, मोबाइल, सिकाइ एप्स आदिको प्रयोगमा जोड दिइनेछ।
७. नयाँ प्रवेश गरेका शिक्षकको क्षमता विकास गर्नका लागि सेवा प्रवेशका सुरुका केही वर्षमा एकजना अनुभवी र दक्ष शिक्षकको नजिक बसेर सिक्ने अवसर प्रदान गर्न मेन्टर शिक्षकको व्यवस्था गरी सबै शिक्षकलाई प्रविधि प्रयोगमा सक्षम तुल्याइनेछ।
८. सूचना तथा सञ्चार प्रविधिको प्रयोगमा समन्यायिक पहूँच विस्तार गरिनेछ।

**(ठ) विज्ञान तथा प्रविधि**

१. विज्ञान तथा प्रविधिको अध्ययनको अवसर विस्तार गरिनेछ।
२. नागरिकहरुमा वैज्ञानिक चेतना विस्तारका लागि विज्ञान केन्द्रहरुको स्थापना गर्ने व्यवस्था मिलाइनेछ।
३. विद्यालयमार्फत् विज्ञान अभियानहरु सञ्चालन गरिनेछ।
४. विद्यालयहरुमा विज्ञान र प्रविधि सम्बन्धी प्रतिभा पहिचान गरी प्रतिभाको विकासका लागि आवश्यक सहयोग गरिनेछ।
५. आमसञ्चारका साधनहरुसँग सहकार्य गरी विज्ञान, प्रविधि, इन्जिनियरिङ र गणित (STEM) सम्बन्धी असल अभ्यासहरुलाई प्रचारप्रसार र विज्ञान प्रविधिसम्बन्धी साक्षरताका कार्यक्रमहरु सञ्चालन गरिनेछ।
६. प्रारम्भिक तह देखि नै विज्ञान, प्रविधि, इन्जिनियरिङ र गणित (STEM) सम्बन्धी बालबालिकाहरुको रुचि, सहभागिता, संलग्नता र क्षमता विकास गर्न प्रोत्साहित गरिनेछ।
७. परम्परागत रुपमा रहिआएका विज्ञान तथा प्रविधिसँग जोडिएका प्रविधिको संरक्षण र संवर्धन गर्नका लागि आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ।

**(ड) विपद् व्यस्थापन**

१. स्तरीय मापदण्डका आधारमा विद्यालयको भौतिक पूर्वाधार र सिकाइ वातावरण निर्माण गरी विपद् जोखिममुक्त बनाइनेछ।
२. शिक्षण सिकाइ प्रक्रिया र शिक्षक व्यवहारमा सुधार गरी विद्यालयलाई सम्पूर्ण रुपमा सुरक्षित बनाइनेछ।
३. विद्यालय हातामा खानेपानी, शौचालय, खेलमैदान, सरसफाइ किट, प्राथमिक उपचार बाकस अनिवार्य गरिनेछ।
४. सामुदायिक सिकाइ केन्द्रलाई विपद् सिकाइ केन्द्रका रुपमा विकसित गरिनेछ।

५. विद्यालयहरुमा सुरक्षित विद्यालय र विपद् व्यवस्थापन सम्बन्धी सैद्धान्तिक एवं व्यवहारिक ज्ञान दिई विपद्को पूर्वतयारी, प्रतिकार्य, न्यूनीकरण र पुनर्लाभ सम्बन्धी कार्यक्रमलाई विद्यालयको वार्षिक कार्यतालिकामा राखी सुरक्षित विद्यालय सम्बन्धी अनुकरण र अभ्यासका क्रियाकलापहरु नियमित रुपमा सञ्चालन गरिनेछ।
६. शिक्षक र विद्यार्थीमा विपद्ले पार्ने प्रभाव न्यूनीकरण गर्न विद्यालय तथा समुदायमा मनोसामाजिक परामर्श सेवा र शैक्षिक पुनर्लाभको व्यवस्थापन गर्ने व्यवस्था गरिनेछ।
७. सरकारी तथा गैरसरकारी संघसंस्थाको समन्वयमा शिक्षक तथा विद्यार्थीका लागि विपद् व्यवस्थापन, जलवायु परिवर्तन, वातावरण संरक्षण, स्वास्थ्य, पोषण तथा सरसफाइ सम्बन्धी आधारभूत ज्ञान, पूर्वतयारी र प्रतिकार्य सम्बन्धी व्यावहारिक तालिम तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ।
८. विद्यार्थी, शिक्षक, अभिभावक, गाउँपालिका, समुदाय र सम्बन्धित संघसंस्थाहरुलाई परिचालन गरी विद्यालयको घेराबार, खेलमैदान, विद्यालय आउने जाने बाटो र विद्यालयको आन्तरिक तथा बाह्य वातावरण पर्यावरणमैत्री, लैङ्गिकमैत्री एवं अपाङ्गतामैत्री बनाइनेछ।
९. विपद्का समयमा विद्यालय स्थानान्तरण गर्नुपर्ने अवस्था सिर्जना भएमा सुरक्षित स्थानको पहिचान गरी खानेपानी, स्वास्थ्य, पोषण र स्याहारको उचित व्यवस्थापन सहित शिक्षण सिकाइका लागि उपयुक्त वातावरण निर्माण गरिनेछ।

**९. नीति कार्यान्वयनको जिम्मेवारी**

गाउँपालिकाको नीति कार्यान्वयनको जिम्मेवारी निम्नानुसार हुनेछः

१. प्रारम्भिक बाल विकास सम्बन्धी कानून, योजना, कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन एवं प्रारम्भिक बालविकास केन्द्रको अनुमति, सञ्चालन र व्यवस्थापन,
२. आधारभूत शिक्षा सम्बन्धी कानून, योजना, कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन तथा आधारभूत विद्यालय अनुमति, स्वीकृति, व्यवस्थापन र नियमन,
३. अनौपचारिक, वैकल्पिक शिक्षा तथा आजीवन सिकाइ सम्बन्धी कानून, योजना तथा कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन,
४. निरन्तर सिकाइ तथा सामुदायिक सिकाइ केन्द्र सम्बन्धी कानून, योजना तथा कार्यक्रम तर्जुमा, सञ्चालन, अनुगमन, मूल्याङ्कन र नियमन,
५. अभिभावक शिक्षा सम्बन्धी कानून, योजना तथा कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन,
६. खुला तथा दूर शिक्षा सम्बन्धी योजना तथा कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन,
७. आधारभूत तथा माध्यमिक शिक्षा सम्बन्धी योजना तथा कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन,
८. मातृभाषामा शिक्षा दिने विद्यालयको अनुमति, अनुगमन तथा नियमन,
९. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको योजना तर्जुमा, सञ्चालन, अनुगमन, मूल्याङ्कन र नियमन,
१०. गाउँ शिक्षा समिति र विद्यालय व्यवस्थापन समिति गठन तथा व्यवस्थापन,
११. विद्यालयको नामाकरण, नाम परिवर्तन र स्थानान्तरण,
१२.विद्यालयको चल अचल सम्पत्तिको अभिलेख, सुरक्षा र संरक्षण,
१३. स्थानीय पाठ्यक्रम तथा पाठ्यसामग्री विकास एवं कार्यान्वयन र संघ तथा प्रदेश स्तरबाट विकास गरिएका पाठ्यपुस्तक तथा पाठ्यसामग्री वितरण एवं कार्यान्वयन सहजीकरण,
१४. विद्यालयको गुणस्तर अभिवृद्धि योजना तथा कार्यक्रम निर्माण तथा कार्यान्वयन,
१५. राष्ट्रिय मापदण्डका आधारमा सार्वजनिक विद्यालयको शिक्षक दरबन्दी पुनर्वितरण र मिलान,

१६. विद्यालयको नक्साङ्कन, समायोजन तथा नियमन,
१७. सार्वजनिक विद्यालयको शैक्षिक पूर्वाधार निर्माण, मर्मत सम्भार, सञ्चालन र व्यवस्थापन,
१८. आधारभूत तहको परीक्षा सञ्चालन, व्यवस्थापन र प्रमाणीकरण,
१९. स्थानीय स्तरमा विद्यार्थी सिकाइ उपलब्धीको परीक्षण र व्यवस्थापन,
२०. अनिवार्य तथा निःशुल्क शिक्षाको कार्यान्वयन, विद्यार्थी प्रोत्साहन व्यवस्थापन,
२१. स्थानीय स्तरको शैक्षिक ज्ञान, सीप, प्रविधिको संरक्षण, प्रवर्द्धन र स्तरीकरण,
२२. सार्वजनिक विद्यालयलाई अनुदान प्रदान तथा सोको बजेट व्यवस्थापन,
२३. विद्यालयको आर्थिक अनुशासन, अनुगमन र लेखापरीक्षण,
२४. शिक्षक र कर्मचारीको क्षमता विकास, तालिम,अभिमुखीकरण, गोष्ठी, कार्यशाला, सञ्चालन,
२५. स्थानीय पुस्तकालय र वाचनालयको सञ्चालन तथा व्यवस्थापन,
२६. विद्यालय शिक्षक तथा कर्मचारीको पुरस्कार र प्रोत्साहन व्यवस्थापन,
२७. अतिरिक्त शैक्षिक क्रियाकलाप सञ्चालन तथा व्यवस्थापन,

**१०. संस्थागत व्यवस्था**

शिक्षा नीति कार्यान्वयनका लागि गन्यापधुरा गाउँपालिका तह भित्रका सरकारी एवं गैर सरकारी संघसंस्था, निकाय र संरचनालाई परिचालन गरिनेछ। नीति कार्यान्वयनका लागि नयाँ छुट्टै संरचना निर्माण गरिने छैन्। गाउँ शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, प्रधानाध्याक, शिक्षक, बाल क्लब, अभिभावक आदिलाई अधिकतम रुपमा परिचालन गरिनेछ। स्थानीय क्षेत्रमा क्रियाशील युवा क्लब, आमा समूह, उपभोक्ता समूह र गैर सरकारी संघ संस्थाहरुलाई पनि परिचालन गरिनेछ।

संघ र प्रदेश सरकार तथा अन्य स्थानीय तह सँग समन्वय र सहकार्य गरी शिक्षा नीति कार्यान्वयन गर्ने कार्य गन्यापधुरा गाउँपालिका सरकारले गर्नेछ। गाउँपालिकाले शिक्षा नीति कार्यान्वयनको समग्र नेतृत्व र सहजीकरण गर्ने कार्यमा नेतृत्व प्रदान गर्नेछ। नीति कार्यान्वयनको क्रममा आवश्यकता अनुसार विभिन्न निकाय, पदाधिकारी र संरचनालाई थप र विशेष जिम्मेवारी प्रदान गर्न सकिनेछ। विद्यालयहरुको बीचमा सञ्जाल स्थापना गरी असल अभ्यास तथा अनुभवको आदान प्रदान गर्ने वातावरण सिर्जना गरिनेछ। गाउँपालिकाबाट अनुगमन, मूल्याङ्कन र नियमन गर्ने कार्य गरिनेछ।

**११. आर्थिक पक्ष**

शिक्षामा लगानी गर्ने दृष्टिले गाउँपालिका सरकारको महत्वपूर्ण भूमिका रहनेछ। शिक्षा नीतिका प्रावधान कार्यान्वयन गर्न योजना, कार्यक्रम र बजेट तर्जुमा गरिनेछ। बजेट तथा कार्यक्रमलाई आवधिक र वार्षिक रुपमा बाँडफाँड गरिनेछ। नीतिका प्रावधान र स्वीकृत कार्यक्रम कार्यान्वयन गर्नका लागि सरकारी श्रोतलाई प्रमुख श्रोतको रुपमा लिइनेछ। सरकारी श्रोत अन्तर्गत गन्यापधुरा गाउँपालिकाको आफ्नै बजेट, सुदूरपश्चिम प्रदेश सरकारबाट प्राप्त अनुदान, संघीय सरकारबाट प्राप्त अनुदान रकम समावेश गरिनेछ। शिक्षा सम्बन्धी योजना र कार्यक्रम तर्जुमा गरी आवश्यक श्रोतको व्यवस्था गर्न सुदूरपश्चिम प्रदेश सरकार र नेपाल सरकार समक्ष पेश गरेर थप बजेटका लागि अनुरोध गरिनेछ।

शिक्षा नीति कार्यान्वयनका लागि सरकारी श्रोतको साथमा स्थानीय स्तरमा कार्यरत गैर सरकारी संघसंस्था, निकायबाट प्राप्त रकम, चन्दाबाट प्राप्त रकम, दान दातव्यबाट प्राप्त रकम तथा अन्य श्रोतबाट प्राप्त रकमलाई पनि परिचालन गरिनेछ। शैक्षिक कार्यक्रमहरु कार्यान्वयन गर्नका लागि जोड कोषको अवधारणा कार्यान्वयनमा ल्याइनेछ। व्यक्ति, अभिभावक, समुदाय, उद्यमी तथा व्यवसायीहरुसँग साझेदारी गरी स्वेच्छिक रुपमा शिक्षा विकासका लागि श्रोत व्यवस्थापन र वित्तीय व्यवस्थापन

गर्न प्रोत्साहित गरिनेछ। उपलब्ध श्रोत र साधनको सही सदुपयोग गर्न र प्रभावकारी परिचालनका लागि मितव्ययिता, पारदर्शिता, नियमितता, कार्यदक्षता र प्रभावकारिता जस्ता मान्यतालाई महत्त्वका साथ अवलम्बन गरिनेछ।

**१२. कानुनी व्यवस्था**

१. प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षाको सञ्चालन, व्यवस्थापन र नियमनका लागि कानून तर्जुमा गरी लागू गरिनेछ।
२. स्थानीय तहको क्षेत्राधिकार रहेका विषयको सञ्चालन, व्यवस्थापन र नियमनका लागि कानून तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ।
३. यो नीति कार्यान्वयनका लागि आवश्यकता अनुसार नियमावली, निर्देशिका र कार्यविधिहरु तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ।
४. संविधान, संघीय र प्रादेशिक शिक्षा ऐनका आधारमा शिक्षा ऐन तर्जुमा गरी लागू गरिनेछ।
५. यो शिक्षा नीति र शिक्षा ऐनको परिधि भित्र रही प्रत्येक विद्यालयलाई आ-आफ्नो कार्यविधि तर्जुमा गर्न लगाइ कार्यान्वयनमा ल्याइनेछ।
६. यो शिक्षा नीति र शिक्षा ऐनको परिधिभित्र रही प्रत्येक प्रारम्भिक बाल विकास केन्द्र, विद्यालय, सामुदायिक सिकाइ केन्द्र र शिक्षण संस्थाहरुलाई आ-आफ्नो तहमा आचारसंहिता तयार गरी कार्यान्वयन गर्न प्रोत्साहित गरिनेछ।

**१३. अनुगमन तथा मूल्याङ्कन**

शिक्षा नीतिको अनुगमन तथा मूल्याङ्कनका लागि मापदण्ड तथा सूचकहरुको विकास गरी ती सूचकहरुको आधारमा अनुगमन तथा मूल्याङ्कन गरिनेछ। नीति कार्यान्वयनको स्थितिको नियमित अनुगमन तथा मूल्याङ्कन गरिनेछ। नीति कार्यान्वयनको समग्र स्थितिको वार्षिक तथा आवधिक मूल्याङ्कन गरिनेछ। नीति कार्यान्वयनको प्रत्येक वर्ष समीक्षा गरिनेछ। सूचना व्यस्थापन प्रणाली र अनुगमन तथा मूल्याङ्कन प्रणाली बीचमा समन्वय र आवद्धता कायम गरिनेछ। नीतिको अनुगमन तथा मूल्याङ्कन गर्नको लागि जिम्मेवार निकाय, संरचना र पदाधिकारीको पहिचान गरी आवश्यक जिम्मेवारी दिइनेछ। अनुगमन तथा मूल्याङ्कनका लागि विज्ञहरुको सूची तयार पारी आवश्यकता अनुसार विज्ञहरुबाट पनि अनुगमन तथा मूल्याङ्कन कार्य गरिनेछ। आवश्यकता अनुसार बाह्य अनुगमन तथा मूल्याङ्कन पनि प्रयोगमा ल्याइनेछ। अनुगमनमा नियमन भए नभएको, जवाफदेहिता सुनिश्चित भए नभएको जस्ता कार्यहरु हेरी सोबाट प्राप्त सुझावहरुलाई कार्यान्वयन गर्ने व्यवस्थाको सुनिश्चितता गरिनेछ। मूल्याङ्कनबाट प्राप्त प्राप्ति तथा सुझावहरु कार्यक्रमको परिमार्जन गर्न र नयाँ कार्यक्रम तर्जुमाका लागि प्रयोग गरिनेछ।

**१४. जोखिम तथा जोखिम न्यूनीकरण**

नीति कार्यान्वयनको क्रममा देखिने जोखिमको समयमै आँकलन गरी निरुपणका उपायहरु अवलम्बन गरिनेछ। शिक्षा नीति कार्यान्वयनका सम्भावित जोखिमहरु र तिनीहरुको न्यूनीकरणका उपायहरु देहायबमोजिम हुन सक्ने आँकलन गरिएको छ।

**(क) जोखिमहरु**

१. नेपालमा सङ्घीय प्रणालीको अभ्यास प्रारम्भिक चरणमा रहेकोले शिक्षा नीति लागू गर्ने क्रममा सहअस्तित्व, समन्वय र सहकार्यमा आधारित कार्यप्रणाली अवलम्बन गर्नु जोखिम रहने देखिन्छ।
२. गाउँपालिकाका कर्मचारी, विद्यालयका शिक्षक तथा कर्मचारीहरु, गैर शैक्षिक तथा शैक्षिक सरोकारवालाहरुको पूर्ण सहयोग प्राप्त गर्न कठिनाइ हुने देखिन्छ।

३. शिक्षामा लगानी अपर्याप्त हुन सक्ने  र नीति कार्यान्वयनमा बाधा उत्पन्न हुन सक्नेछ ।

४. संघीय तथा प्रदेश सरकार र गाउँपालिकाबाट शिक्षा क्षेत्रको समग्र विकासका लागि निश्चित प्रतिशत लगानी गर्ने प्रतिवद्धता कार्यान्वयन हुन नसके यो नीति कार्यान्वयनमा जोखिम रहने देखिन्छ ।

५. आवश्यक श्रोत साधनको व्यवस्था, संस्थागत क्षमता, योग्य तथा सक्षम जनशक्तिको व्यवस्था, सरोकारवालाको सहभागिता र परिचालन, कार्यसंस्कृति र कार्यव्यवहार जस्ता पक्षहरुको समयमै व्यवस्थापन गर्न कठिनाइ हुने देखिन्छ ।

**(ख) जोखिम न्यूनीकरण**

१. शिक्षा नीति लागू गर्ने क्रममा सहअस्तित्व, समन्वय र सहकार्यमा आधारित कार्यप्रणाली अवलम्बन गरिनेछ ।

२. सरोकारवालाहरुको सक्रिय सहभागितामा योजना तथा कार्यक्रम तर्जुमा गर्ने, कार्यान्वयन गर्ने, अनुगमन गर्ने, जवाफदेहिता सुनिश्चित गर्ने कार्यमा जोड दिइनेछ ।

३. आवश्यक श्रोत साधनको व्यवस्था, संस्थागत क्षमता, योग्य तथा सक्षम जनशक्तिको व्यवस्था, सरोकारवालाको सहभागिता र परिचालन, कार्यसंस्कृति र कार्यव्यवहार जस्ता पक्षहरुको समयमै व्यवस्थापन गर्ने रणनीति अवलम्बन गरिनेछ ।

४. नीति कार्यान्वयनको प्रभावकारिताका लागि सम्बन्धित सरोकारवालाहरुसँग पर्याप्त छलफल तथा अन्तरक्रिया गरी समझदारी एवं सहकार्यद्वारा नीतिप्रतिको स्वीकारोक्तिको वातावरण बनाइनेछ ।

५. शिक्षामा व्यक्ति र अभिभावकहरुको स्वेच्छिक लगानीलाई प्रोत्साहन गर्ने रणनीति अवलम्बन गरिनेछ ।

६. विभिन्न क्षेत्रका सरोकारवालाहरुकै सहभागितामा सुधारका कार्य अवलम्बन गर्न परिवर्तनका संवाहकहरुलाई प्रोत्साहित गरिनेछ ।

७. जोखिम र अवरोधहरु समयमै पहिचान गरी न्यूनीकरणका लागि विशेष ध्यान दिने रणनीति अपनाइनेछ ।

**आज्ञाले**
**दिलिप कुमार तामाङ**
**प्रमुख प्रशासकीय अधिकृत**
**गन्यापधुरा गाउँपालिका**